# कञ्चनरुप नगरपालिका

संघीयता पछिको

# नेपालको तेश्रो तथा प्रदेश नं. २ को पहिलो

# बालमैत्री नगरपालिका घोषणा समारोहमा

## कञ्चनरुप नगरपालिका एवं

## बालमैत्री स्थानीय शासन नगर समितिद्वारा प्रस्तुत

# प्रतिवेदन

## २०७६/०५/१९

**कञ्चनरुप नगरपालिकाको वडा नं. १ देखि १२ सहित संघीय संरचना पछिको नेपालकै तेश्रो तथा प्रदेश नं.२ को पहिलो बालमैत्री नगर घोषणा समारोहमा कञ्चनरुप नगरपालिका र बालमैत्री स्थानीय शासन नगर समितिको तर्फबाट प्रस्तुत**

# प्रगति प्रतिवेदन

यस घोषणा सभाका अध्यक्ष एवं नगर प्रमुख बसन्त कुमार ज्यू,
प्रमुख अतिथि, माननीय संघीय मामिला तथा सामान्य प्रशास मन्त्री श्री लालबाबु पण्डितज्यू

- विशिष्ट अतिथिज्यूहरु ,
- अतिथि ज्यूहरु, युनिसेफ परिवार,
- सप्तरी जिल्लाका नगरपालिका तथा गाउँपालिकाका प्रमुख एवं प्रतिनिधि ज्यूहरु,
- प्रमुख जिल्ला अधिकारीज्यु लगायत सम्पुर्ण कार्यालय प्रमुखज्यूहरु,
- राजनैतिक दलका जिल्ला तथा नगर प्रमूख तथा प्रतिनिधिज्यूहरु लगायत मञ्चमा आसिन सम्पुर्ण अतिथिज्युहरु एवं संचारकर्मी मित्रहरु,

वर्तमानका साझेदार र भविष्यका कर्णधार प्यारा प्यारा बालबालिकाहरुका साथै कञ्चनरुप नगरपालिकाको निमन्त्रणालाई स्वीकार गरि उपस्थित हुनुभएका सम्पुर्ण सरकारी, गैर सरकारी तथा निजी क्षेत्र, नागरिक समाज एवं नगरवासी आमा वुवा दाजुभाई तथा दिदिवहिनीहरु ।

सर्वप्रथम आज बालमैत्री नगर घोषणाको यस गरिमामय सभामा उपस्थित हुनुहुने प्रमुख अतिथिज्यू, विशिष्ट अतिथिज्यूहरु, अतिथिज्यूहरु लगायत सम्पुर्ण उपस्थित महानुभावहरुमा हार्दिक स्वागत एवं आभार प्रकट गर्न चाहन्छु ।

नेपालको पूर्वी भाग, प्रदेश नं. २ को सप्तरी जिल्लामा अवस्थित १४३.३ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको यस कञ्चनरुप नगरपालिकामा ११०४५ घरधुरी र ५५२६६ जनसंख्या रहेको छ जसमध्ये १८ वर्ष मुनिका बालबालिकाकाको संख्या २०५९८ रहेको छ । कञ्चनरुप नगरपालिकाले स्थानीय तहको पर्नुसंरचना हुनु अगाडि वि.सं. २०७१ साल देखिनै बालबालिकाको सवाललाई विशेष प्राथमिकतामा राखि कार्य गर्दै आएकोमा हाल हामी सबैको उद्धेश्य बमोजिम बालमैत्री नगर घोषणा हुन लागेको छ । संघीय संरचना पछिको समेत नेपालको तेश्रो तथा प्रदेश नं. २ को पहिलो बालमैत्री नगरको रुपमा कञ्चनरुपले राष्ट्रिय र अर्न्तराष्ट्रिय तहमा आफ्नो पहिचान कायम राख्ने छ ।

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८, कार्यान्वय कार्यविधि २०६८ र घोषणा कार्यविधि, २०७० वमोजिमका मापदण्ड पूरा गरि आज बालमैत्री स्थानीय शासन नगर घोषणा

हुन गइरहेकोमा यस गरिमामय सभामा कञ्चनरुप नगरपालिका र बालमैत्री स्थानीय शासन नगर समितिको तर्फबाट यो प्रतिवेदन प्रस्तुत गर्ने सु-अवसर प्राप्त भएकोमा गौरवान्वित महसुस गरेको छु । अब म संक्षिप्त प्रतिवेदन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## किन बालमैत्री नगर ?

कञ्चनरुप नगरपालिकाको वडा नं. १ देखि १२ सहित सिङ्गो नगरलाई नै बालमैत्री नगर घोषणा गर्न लागिएको छ । नेपाल सरकारले बालबालिका सम्बन्धी विभिन्न ऐन, नियमावली बनाएको छ , बालअधिकार सम्बन्धी महासन्धीमा हस्ताक्षर गरेको छ । नेपालको संविधानमा बालबालिकाको हकलाई मौलिक हकको रुपमा स्थापित गरिएको छ । कानुनमा लेखेर मात्रै हुँदैन, कानूनमा लेखिएका प्रावधानहरुलाई कार्यान्वयनमा ल्याउनका लागि हाम्रो व्यवहार, सोच, नीति, बजेट, कार्यक्रम र लगानी समेत बालमैत्री हुनु जरुरी छ ।

आज हामीले बालबालिकाको समग्र उन्नयन र विकासमा गरेको लगानीले भोलिको हाम्रो समाज र राष्ट्रको सर्वाङ्गिण विकास र प्रगतिको वाहकको रुपमा कार्य गर्नेछ । देशले आज हरेक क्षेत्रमा असल र सक्षम नागरिक चाहेको छ , इमानदार र सक्षम नागरिकको रुपमा असल र सवल नेतृत्व तयार गर्ने जिम्मेवारी तपाई हाम्रो हो, जसको लागि सानो प्रयास र शुरुवात बालमैत्री स्थानीय शासनले गरेको छ । आज बालक्लबमा आवद्ध भई आफ्नै समाजमा विभिन्न शैक्षिक तथा सामाजिक क्रियाकलाप संचालन गर्ने, कार्यक्रमहरुमा भाग लिने र आफ्ना कुरा राख्ने अवसर पाएका , बालक्लबकै पदाधिकारी भएर नेतृत्व सम्हालेका र पद वाहिर रहेर पनि आफ्नो जिम्मेवारी निभाईरहेका बालबालिका आजैदेखि लोकतान्त्रिक शासन व्यवस्था सिक्दैछन् । भोली हाम्रो देशको डाक्टर, इन्जियर, व्यवसायी, शिक्षक, राजनीतिकर्मी, समृद्ध राष्ट्र निर्माता सबै आजका बालबालिका हुन् । त्यसकारण सक्षम व्यक्ति बनाउन १ वर्ष, १० वर्ष होईन १०० वर्षको समृद्धि प्राप्तीका लागि बालबालिकामा लगानी गरेर बालमैत्री बनाउनुपर्छ भन्ने उद्धेश्यका साथ कञ्चनरुप नगरपालिकालाइ बालमैत्री नगर बनाउन लागिएको छ र सिङ्गो देशलाइ नै बालमैत्री बनाउन जरुरी छ ।

देशमा वर्षौदेखि जरो गाडेर बसेको गरिबीको दुश्चक्र तोड्न, आर्थिक विकास र समृद्धिको लागि सक्षम मानवस्रोत तयार गर्नुपर्छ, जसको लागि बाटो देखाउने काम बालमैत्री स्थानीय शासनले गर्दछ । सामाजिक विकास र समृद्धिको शुरुवात हो, सबै प्रतिफल आज नै देख्न नसकिएपनि केही वर्षमै यसबाट हामीले सोचेको प्रतिफल प्राप्त गर्छौं भन्ने विश्वास छ ।

## बालमैत्री नगर निर्माणका लागि गरिएका प्रयासहरु

कुनै पनि नगरलाई बालमैत्री घोषणाका लागि बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति बमोजिम नेपाल सरकारले निर्धारण गरेको ३९ सूचकमा तोकिए अनुसारको नतिजा प्राप्त गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले पनि आवश्यकता बमोजिम सूचकहरु थप गर्न मिल्ने व्यवस्था भए बमोजिम कञ्चनरुप नगरपालिकाले २ सूचक थप गरि जम्मा ४१ सूचकमा कार्य गरिरहेको छ । बालमैत्री वडा तथा नगर घोषणाका लागि १७ ओटा सूचकमा सत प्रतिशत र बाँकी २२ ओटा सूचकमा ८० प्रतिशत नतिजा ल्याएमा बालमैत्री घोषणा गर्न सकिने प्रावधान छ । जसमध्ये कञ्चनरुप नगरपालिकाले ३१ वटा सूचकमा सत प्रतिशत र १० वटा सूचकमा ९० प्रतिशत भन्दा बढि नतिजा प्राप्त गरिसकेको छ भने १६ वटै खुड्किलामा समेत टेकेर कार्य गरिरहेको छ । घोषणा मात्रै नभई यसको दिगोपना र गुणस्तरीय बालमैत्री वातावरण निर्माणका लागि बालमैत्री नगर घोषणा पश्चातको रणनैतिक योजना बनाई नगरसभाबाट स्वीकृत भइसकेको छ, जुन चालु आ.व.२०७६/०७७ देखि कार्यान्वयनको चरणमा छ ।

बालमैत्री वडा सहित नगर निर्माणका लागि बालमैत्री नगर घोषणा कार्ययोजना र लगानी योजना बनाई बालअधिकारका चार क्षेत्रहरु बाल बचाउ, बाल संरक्षण, बाल विकास , वाल सहभागिता र संस्थागत सूचकहरुको क्षेत्रमा कार्य गऱ्यौं । बालबचाउको क्षेत्रको १० ओटा सूचकहरु प्राप्तीका लागि विशेष गरी गर्भावस्था देखि १ हजार दिन सम्मका आमाहरुलाई सुरक्षित मातृत्व, पोषिलो खानपान, पूर्ण स्नतपान, बालबालिकाको मष्तिष्क विकासमा ध्यान दिनुपर्ने विषयमा सचेतना, सबै सुत्केरी आमाहरुलाइ पोषण भत्ता थप गरेका छौं, कुपोषित बालबालिकाको अवस्था सुधारका लागि आवश्यक सहयोग गरिएको छ भने आयोडिन युक्त नुनको प्रयोग, पानी शुद्धिकरण विधि, सरसफाइ सम्बन्धी सचेतना संगै सूचकको विषयमा प्रचारप्रसार र नियमित अनुमगन गर्ने काम गरेका छौं ।

त्यसैगरी बाल संरक्षणका सूचकहरु प्राप्ती र समग्रमा बालबालिकाको संरक्षणको लागि बाल संरक्षण नीति तथा कार्ययोजना तयारी, जन्मदर्ता अभियान संचालन र सचेतना, वालश्रम अनुगमन र पुर्नउत्थान, वालविवाह न्युनीकरणका लागि सचेतना, बालबालिका विरुद्ध हुने हिंसा शोषण दुर्व्यवहार, लागूपदार्थ दुर्व्यसनी विरुद्ध निरन्तर सचेतना र अनुगमनका साथै नगर क्षेत्रभित्र रहेका बालश्रमिकका परिवारलाई जीवन यापन गर्नका लागि आय आर्जनमा

सहयोग पुगोस् र श्रमिक बालबालिकाले पढ्ने वातावरणको सिर्जना होस् भन्ने उद्धेश्यका साथ अति विपन्न ७ ओटा घरपरिवालाई आय आर्जनको लागि सहयोग गरिएको छ ।साथै अन्य परिवारहरुलाई व्यवसायीक तालिमहरु पनि प्रदान गरिएको छ । विगत ५ वर्षको तुलनामा हेर्ने हो भने बालक्लब तथा सम्बन्धीत सरोकारवालाद्धारा करिब ३० जनाको हुन लागेको वालविवाह रोकेर पढाइलाई निरन्तरताको लागि पहल गरेका छौं भने वालविवाह न्युनीकरणको लागि निरन्तर सचेतनामुलक क्रियाकलाप संचालन भइरहेका छन् ।

बाल विकासको क्षेत्र विशेष गरी शिक्षा संग सम्बन्धीत क्षेत्र हो । विद्यालय भर्ना अभियानलाई प्रभावकारी रुपमा संचालन गर्नुको साथै विद्यालय वाहिर रहेका विचमै विद्यालय छोडेका विद्यालय उमेरका बालबालिकालाई पुनः विद्यालय प्रवेश गराउने काम गरिएको छ । विद्यालयमा बालमैत्री धारा, छात्रामैत्री शौचालय, बालविकास केन्द्र व्यवस्थापन, बालबालिकाको आन्तरिक प्रतिभा प्रष्फुटनको लागि अतिरिक्त क्रियाकलाप प्रभावकारी बनाईको छ र बालमैत्री पूर्वाधार व्यवस्थापनका लागि अत्यावश्यक सहयोग साथै दण्डरहित शिक्षाको प्रतिवद्धता, शिक्षक शिक्षिकालाइ बालमैत्री व्यवहार सम्बन्धी सचेतनामुलक कार्यक्रम गर्नुका साथै निरन्तर अनुगमन गर्ने कार्य भइहरेको छ ।

अर्थपूर्ण बालसहभागिता सुनिश्चित गर्नको लागि योजना निर्माणको क्रममा बालभेला गरी बालबालिकाको योजनाहरु नगर विकास योजनामा समावेश गरिएको छ । विद्यालय व्यवस्थापन समिति, स्वास्थ्य व्यवस्थापन समिति, योजना छनौट समितिमा बालसहभागिता सुनिश्चित गरिएको छ । हाल सम्म यस कञ्चनरुप नगरपालिकामा १०८ वटा बालक्बल, १२ वटा वडा स्तरीय र १ नगर स्तरीय बाल संजाल गठन गरि परिचालन गरिएको छ । बालक्लब सदस्यहरुलाई समय समयमा क्षमता विकास तालिम प्रदान गरिएको छ । बालसंजाल र बालक्लबहरुको सक्रियतामा स्वतस्फूर्त रुपमा विविध क्रियाकलापहरु संचालन भइरहेका छन् ।

बालमैत्री स्थानीय शासनको निरन्तर संस्थागत विकासको लागि बालबालिकाको क्षेत्रमा निरन्तर निश्चित बजेट विनियोजन गरिएको छ , बालमैत्री वडा र नगर निर्माणका लागि बालबालिका, कार्यालय, शैक्षिक संस्था, घरपरिवार र समुदायले पालन गर्नुपर्ने आचारसंहिता तयार गरी कार्यान्वयनमा ल्याइएको छ , बालबालिकाको अवस्था झल्किने गरी वस्तुगत विवरण र स्थितीपत्र तयार गरिएको छ , बालमैत्री नगर र वडा समिति, बाल संरक्षण समिति गठन गरी क्रियाशिल रहेको छ । बालमैत्री स्वयंसेवक तथा सहजकर्ताहरु परिचालन

गरिएको छ । रेडियो पत्रपत्रिका लगायत विभिन्न माध्यमबाट बालमैत्री वातावरण र सरोकारवालको भुमिकाको विषयमा निरन्तर प्रचार प्रसार गरिएको छ । ............................................

यी त भए बालमैत्री नगर निर्माणका लागि गरिएका मुख्य मुख्य कार्यहरु । केवल नगरपालिका र वडा कार्यालयको प्रयासबाट मात्रै बालमैत्री घोषणाको कार्य सम्भव हुने थिएन । हरेक सूचकहरु पूरा गर्न स्वास्थ्य चौकी, विद्यालयहरु, बालक्लबहरु, बालमैत्री स्वयंसेवक, जिल्ला समन्वय समिति, नगर र वडाका जनप्रतिनिधि, सामाजिक विकास शाखा, शिक्षा शाखा, स्वास्थ्य शाखा, महिला बालबालिका शाखा, प्रहरी कार्यालय, सृजनात्मक महिला सहकारी र अन्य सहकारी,बाल संरक्षण समिति, विद्यालय, नगर र वडाका बालक्लब तथा संजाल, विभिन्न संघसंस्था, आमा समूहहरु, महिला स्वास्थ्य स्व्यंसेविका, शिक्षक शिक्षिका, बालमैत्री स्वयंसेवक लगायत सम्बन्धीत सरोकारवालासंगको समन्वय र सहकार्यमा काम गरिएको हुँदा बालमैत्री वडा सहित सिङ्गो नगर घोषणाको चरणमा आएको हो । उहाँहरुप्रति हार्दिक धन्यवाद एवं आभार प्रकट गर्न चाहन्छु ।

बालमैत्री वडा र नगर निर्माण भइरहँदा यसले कुनै एक पक्षलाई मात्रै फाइदा नभई समग्रमा मातृ शिशु स्वास्थ्य, बालबालिकाको मष्तिश्क विकास, सफा पिउने पानी, सरसफाई, बालबालिकाको शिक्षा, प्रतिभा प्रस्फुटन, नेतृत्व विकास, बालबालिकाको आवाजको सुनुवाई हुने अवस्थाको सृजना हुन्छ । साथै समाजमा रहेका वालश्रम, वालविवाह, दुर्व्यसनी, बालबालिका विरुद्ध हुने हिंसा शोषण, दुर्व्यवहार जस्ता विकृति विसंगती लाइ न्यूनीकरण गर्न उल्लेख्य सहयोग गर्ने गर्दछ । कुनै पनि समाजको सामाजिक विकास र समृद्धिका लागि बालमैत्री स्थानीय शासनले महत्वपूर्ण भुमिका निर्वाह गर्ने कुरामा हामी विश्वस्त छौ, आज गरिएको यस कार्यले सधै निरन्तरता पाउने छ , बालबालिकाको उज्वल भविश्य निर्माणका लागि हामी निरन्तर प्रतिवद्ध भई कार्य गरिरहनेछौं , आजको भोलिनै नभएपनि केही वर्ष पश्चात आज गरिएको कार्यको प्रतिफल अवश्य देख्न सकिनेछ । बालमैत्री नगर घोषणा पश्चात यसको दिगोपनाका लागि बनेको रणनीतिक कार्ययोजना बमोजिम कार्य गर्ने प्रतिवद्धता जाहेर गर्दछौ ।

अन्त्यमा यस घोषणा सभाको गरिमा बढाउन हाम्रो निमन्त्रणलाइ स्वीकार गरी पाल्नुभएका प्रमुख अतिथि माननीय मन्त्री लालबाबु पण्डित ज्यू , विशिष्ट अतिथि एवं सम्पूर्ण अतिथि, ज्यूहरु आगन्तुक पाहुना सबैलाई धन्यवाद र आभार प्रकट गर्न चाहन्छु । बालमैत्री स्थानीय

शासनको समग्र अभियानमा प्राविधिक सहयोग गर्नुहुने युनिसेफ नेपाल परिवार, बालमैत्री सम्पर्क व्यक्ति, बालमैत्री सहजकर्ता लगायत घोषणा कार्यमा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद दिदै मेरो प्रतिवेदन यहि टुङ्गाउंदछु ।

**नमस्कार । जय बालबालिका ।**

## अनुसुची १ :

## बालमैत्री स्थानीय शासनको सूचकको अवस्था

बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ बमोजिम कञ्चनरुप नगरपालिकालाई बालमैत्री नगर घोषणा लागि आवश्यक सूचकहरुको अवस्था यस प्रकार रहेको छ :

| | **सूचक** | **आधार वर्षको अवस्था(२०७२)** | **हालको अवस्था २०७६** | **घोषणाको लागि आवश्यक प्रतिशत** |
|---|---|---|---|---|
| | **बाल बचाउ** | | | |
| १ | ६ महिनासम्मको शिशुलाई आमाले पूर्ण स्तनपान गराएको | ९५ | ९८.१५% | ८० |
| २ | एक वर्षभित्रका बालबालिकाले पूर्णरुपमा खोप पाएको | १०० | १००% | १०० |
| ३ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको | १०० | १००% | १०० |
| ४ | गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको | ८५ | ९९.५६% | ८० |
| ५ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको | ९० | ९८.९५% | ८० |
| ६ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको | ८० | १००% | ८० |
| ७ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की खाएको | ८० | ९८.६४% | ८० |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका बालबालिकालाई ARV Prophylaxis दिएको | नभएको | १००% | १०० |
| ९ | सबै घरधुरीमा खानेपानीको सुविधा भएको | ९० | १००% | १०० |
| १० | सावुन पानीले हात धुने परिपाटीको विकास भएको | ९५ | १००% | ८० |
| | **बाल सरंक्षण** | | | |
| ११ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको | १००% | १००% | १०० |
| १२ | बाल विवाहको संख्यामा कमी आएको | ३५ जना | ९६% (२ जना) | ८० |

| | सूचक | आधार वर्षको अवस्था(२०७२) | हालको अवस्था २०७६ | घोषणाको लागि आवश्यक प्रतिशत |
|---|---|---|---|---|
| १३ | निकृष्ट प्रकारको बालश्रम दर घटेको | १५८ जना | १४ जना (९१.१४% | ८० |
| १४ | घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, वेचविखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको | ० | १००% | ८० |
| १५ | बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याएको | ० | १००% | ८० |
| | **बाल विकास** | | | |
| १६ | ४ वर्ष सम्मका बालबालिकाहरु प्रारम्भिक बाल विकास केन्द्रमा भर्ना भएका | ५०% | ९९.६०% | ८० |
| १७ | कक्षा १ को लागि विद्यालय जाने उमेर समूहका सत्प्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका | ८५% | १००% | १०० |
| १८ | ५ देखि १२ वर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका | ७५% | ९८.८५% | ८० |
| १९ | औपचारिक शिक्षाबाट बंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको | १००% | १००% | ८० |
| २० | प्रत्येक विद्यालयमा छात्र छात्राको लागि अलग अलग शौचालयको व्यवस्था भएको | १०० | १००% | ८० |
| २१ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम संचालन भएको | १०० | १००% | १०० |
| | **बाल सहभागिता** | | | |
| २२ | स्थानीय निकायको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको | १००% | १००% | ८० |
| २३ | स्थानीय निकायले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको | १००% | १००% | १०० |
| २४ | स्थानीय विद्यालय व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व गराउने संरचना निर्माण भएको | ० | १००% | १०० |
| २५ | स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व भएको | ० | १००% | १०० |
| २६ | प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको | १००% | १००% | १०० |
| २७ | जिल्ला, नगर तथा गाउँ तहमा बाल संजाल गठन भएको | ५०% | १००% | १०० |
| | **संस्थागत सूचक** | | | |
| २८ | स्थानीय निकायको परिषद् बैठक नियमित रुपमा संचालन भएको हुनेछ | १०० | १००% | १०० |
| २९ | स्थानीय निकायहरुले आफ्नो लागि बालमैत्री | ० | १००% | १०० |

|  | सूचक | आधार वर्षको अवस्था(२०७२) | हालको अवस्था २०७६ | घोषणाको लागि आवश्यक प्रतिशत |
|---|---|---|---|---|
|  | व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन । |  |  |  |
| ३० | स्थानीय निकायमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ । | ० | १००% | १०० |
| ३१ | स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् । | १००% | १००% | ८० |
| ३२ | स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन् । | १००% | १००% | ८० |
| ३३ | स्थानीयस्तरमा बालविकास केन्द्र, बालकक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन् । | १००% | १००% | ८० |
| ३४ | स्थानीयस्तरमा बालक्लवहरुको सक्रियता रहनेछ । | १०० % | १००% | ८० |
| ३५ | स्थानीयस्तरमा प्यारालिगल कमिटि जस्ता महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता कमिटिहरु बालअधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन् । | ० | १००% | ८० |
| ३६ | स्थानीयस्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तर सम्म उनीहरुको प्रतिनिधित्व रहनेछ । | १००% | १००% | ८० |
| ३७ | बालबालिकाकालागि स्थानीय विकास योजना र लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ । | ० | १००% | १०० |
| ३८ | जिल्ला, नगर तथा गाँउ विकास योजनामा बालबालिकाका संग सम्बन्धित योजना तथा कार्यक्रम समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन भएको हुनेछ | ० | १००% | ८० |
| ३९ | बालबालिका सम्बन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ | ० | १००% | १०० |
|  | **थप सूचक** |  |  |  |
| ४० | सबै घरपरिवारले आयोडिन युक्त नुनको प्रयोग गरेका हुनेछन् । | ८० | १००% | ८० |
| ४१ | सबै घरधुरीमा शौचालय भएको हुनेछ । | ६० | ९९.८६% | ८० |